# प्रगति राईका कवितामा पहिचानको स्वर

तुलसीप्रसाद गौतम, विद्यावारिधि
सहप्राध्यापकः - नेपाली
त्रिवि, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं
gautamtulsi1@gmail.com

https://doi.org/10.3126/pj.v5i8.73801

## लेखसार

प्रस्तुत लेख प्रगति राईका कवितामा पहिचानको स्वरसम्बन्धी अध्ययनमा केन्द्रित छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यस अध्ययनका लागि सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । यसमा *बादी विज्ञप्ति* कवितासङ्ग्रहका कवितालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने पहिचानको सिद्धान्तसँग सम्बन्धित पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा प्रगति राईका कवितामा पहिचानको स्वर के कसरी मुखरित भएको छ भन्ने कुराको विश्लेषण पहिचानको अवधारणा र सिद्धान्तका आधारमा गरिएको छ । यस अध्ययनले नेपालका आदिवासी जनजाति, महिला आदिलाई सबै क्षेत्रमा समान अवसर दिई एउटै मूलधारमा समेट्नुपर्छ भन्ने बहुलवादी, समावेशी विचार स्थापित गरेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जीः* आदिवासी जनजाति, जातीय पहिचान, पितृसत्ता, राज्यशक्ति, लैङ्गिक पहिचान

## विषयपरिचय

कविताको अध्ययन गर्ने विभिन्न मापदण्ड र क्षेत्रहरू छन् । यी विभिन्न मापदण्ड र क्षेत्रहरूमध्ये पहिचानको स्वरसम्बन्धी अध्ययन सांस्कृतिक अध्ययनअन्तर्गत गरिन्छ । साहित्यको सांस्कृतिक अध्ययनले कृतिमा प्रयुक्त संस्कृतिका विविध पक्षको खोजी गर्दछ । यसमा मुख्य गरी जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय पहिचानको अध्ययन गरिन्छ । नेपाली साहित्यको इतिहासमा २०६० को दशकपछि विशेष गरी २०६२-२०६३ को जनआन्दोलनसँगै पहिचानका स्वरहरू सशक्त ढङ्गले देखा पर्न थालेका हुन् । यस समयमा सदियौँदेखि उत्पीडनमा पारिएका आदिवासी जनजाति, महिला, दलित आदि सीमान्तीकृत समुदायका

पहिचान र प्रतिरोध चेतनालाई व्यक्त गर्न थालियो । यस विषयले साहित्यका सबै विधामा प्रवेश पाए पनि कविता विधामा अझ सशक्त रूपमा व्यक्त भएको पाइन्छ । यसमा सर्वप्रथम सिर्जनशील अराजकता आन्दोलनका अभियन्ताहरू हाङयुग अज्ञात, उपेन्द्र सुब्बा र राजन मुकारुङले पहिचानको स्वरलाई आफ्ना कवितामा अभिव्यक्त गरे । त्यसपछि क्रमशः उत्तरवर्ती सोच, विशेष रङ्गवाद, कुकुर कविता आन्दोलन, इतर कविता आन्दोलन, उन्मुक्त पुस्ता, फरक अभियान आदि काव्यिक आन्दोलनका माध्यमबाट पहिचानको आवाज बाहिर आयो । यसै क्रममा प्रगति राईको बादी विज्ञप्ति कवितासङ्ग्रह प्रकाशित भएको हो । उनी नेपाली कविताको उत्तरवर्ती चरणमा क्रियाशील सशक्त कवयित्री हुन् । उनको पहिलो प्रकाशित कृति बादी विज्ञप्ति कवितासङ्ग्रह (२०६६) हो । *बादी विज्ञप्ति*बाहेक उनका लेखककी स्वास्नी (२०७०), बिर्सिएको मृत्यु (२०७४) र थाङ्ग्रा (२०७९) गरी तीन उपन्यासहरू पनि प्रकाशित छन् ।

प्रगति राई विशेष गरी महिला, जनजाति, सीमान्तीकृत समुदायका आवाजलाई सशक्त रूपमा उठाउने कवयित्री हुन् । उनका कवितामा आदिवासी जनजाति, महिला जस्ता सीमान्तीकृत समुदायका अनुभूति, सांस्कृतिक सौन्दर्य र पहिचानको स्वर पाइन्छ । *बादी विज्ञप्ति* कवितासङ्ग्रहमा उनका उन्नाइस कविताहरू सङ्कलित छन् । यी कविताहरूले आदिवासी जनजाति, महिला, बादी महिला आदि सीमान्तीकृत जनताको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको चेतनालाई मुखरित गरेको पाइन्छ । उनका कविताको बारेमा केही अध्ययन भए तापनि पहिचानको स्वरका दृष्टिले भएको पाइँदैन । त्यसैले यो लेख प्रगति राईका कवितामा पहिचानको स्वर के–कसरी मुखरित भएको छ भन्ने विषयलाई  मुख्य समस्या बनाई त्यसको विश्लेषणमा केन्द्रित गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत शोधकार्य ‘प्रगति राईका कवितामा पहिचानको स्वर’ शीर्षकमा केन्द्रित गरिएको हुँदा उनका कविताहरूको सङ्ग्रह *बादी विज्ञप्ति*मा सङ्कलित कविताहरूलाई प्राथमिक सामग्रीका रूपमा र पहिचानको सिद्धान्तका बारेमा लेखिएका समालोचनात्मक पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो अनुसन्धान गुणात्मक प्रकृतिको रहेको छ । यस लेखका लागि सामग्रीहरूको सङ्कलन पुस्तकालय कार्यद्वारा गरिएको छ । यसमा समस्याको समाधानका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धति अँगालिएको छ । कविताहरूमा पहिचानको स्वर अध्ययन गर्दा सांस्कृतिक अध्ययनभित्रका जातीय र लैङ्गिक पहिचानसम्बन्धी अवधारणा र सिद्धान्तलाई आधार बनाई निगमनात्मक विधिबाट गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पहिचानको अध्ययन मूलतः सांस्कृतिक अध्ययनबाट विकसित भएको हो । यसमा सीमान्तीकृत वर्गको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना अध्ययन गरिन्छ । मानिसको व्यक्तिगत, सांस्कृतिक र राजनीतिक परिचय सांस्कृतिक अध्ययनको प्रविधिमार्फत विश्लेषण गरिने एक प्रमुख विषय हो (उप्रेती, २०६८, पृ. २७८) । पहिचानको अध्ययनमा मुख्यतः जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय चेतनाको अध्ययन हुन्छ । जातीय पहिचानमा सीमान्तीकृत आदिवासी, जनजाति, दलित आदिको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना पर्दछन् भने क्षेत्रीय पहिचानमा कुनै भौगोलिक क्षेत्रका आधारमा किनारामा पारिएका मानिसको पहिचानको अध्ययन गरिन्छ । लैङ्गिक पहिचानमा सीमान्तीकृत महिला, तेस्रो लिङ्गी आदिको अध्ययन गरिन्छ भने वर्गीय पहिचानमा सर्वहारा वर्गको स्थिति, अवस्था आदिको अध्ययन गरिन्छ । जातीय पहिचान जातिभित्रका व्यक्ति र समूहगत पक्ष हो । राजनीतिलाई केन्द्रमा राखेर अध्ययन गरिने पहिचानले समाज र संस्कृतिमा व्यक्ति र समूहको परिचयको खोजी गर्छ भने समाज र संस्कृतिमा अधिकारको व्यवस्थापन पनि गर्दछ (भट्टराई, २०७७, पृ. ८) । साहित्यका सन्दर्भमा पहिचानको स्वर भन्नाले सीमान्तीकृत जाति, क्षेत्र, लिङ्ग र वर्गका समुदायहरूको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनालाई बुझिन्छ । पहिचान भनेको साहित्यमा चित्रित पात्रको भाषा, धर्म, संस्कृति र शक्तिसँगको सम्बन्धबाट प्रतिबिम्बित चिनारी हो भने प्रतिनिधित्व भनेको उपस्थिति हो । भाषाका माध्यमबाट प्रतिबिम्बित गर्नु पहिचान र प्रतिनिधित्व हो । समाजको संरचना कसरी निर्मित भएको छ र त्यसमा जनताको प्रतिनिधित्व कसरी गरिएको छ भन्ने कुरा प्रतिनिधित्वको मुख्य विषय हो (बार्कर, २००८, पृ. ८) । प्रतिरोध भनेको चाहिँ आफ्नो जाति, लिङ्ग, वर्ग आदिमाथि भएका विभेदप्रति आक्रोश, विद्रोह र क्रान्तिकारी चेतना हो ।

### जातीय पहिचान

जातीय पहिचानको अवधारणा सांस्कृतिक अध्ययनबाट विकसित भएको हो । यसमा विभिन्न जातिबिचको पृथकता, विभेद तथा राज्यसँगको शक्तिसम्बन्ध अध्ययन गरिन्छ । जातीय पहिचानको अध्ययनमा राज्य सत्ताले किनारामा पारेका आदिवासी जनजाति, मधेसी, दलित आदिको पहिचान, प्रतिनिधित्व र प्रतिरोध पर्दछन् । जातीय पहिचान भएका साहित्यमा पूर्वजहरूको इतिहास, आफ्नो जातीय पहिचानको खोजी, मौलिक जातीय संस्कारहरूको निरन्तरतामा जोड, जातिविशेषका अस्तित्वबोध र चेतना जस्ता विषयहरू आएका हुन्छन् (अधिकारी, २०७८, पृ. १८) । जातीय पहिचानका स्वरूपहरू देश, काल, समाज, धर्म, संस्कृति आदि आधारमा फरक हुन्छन् । कुनै पनि जातिको पहिचान त्यस जातिमा पाइने सांस्कृतिक शब्द, बिम्ब वा मिथकहरूमा कहीँ न कहीँ उजागर भइरहेकै हुन्छ । नेपाली भाषाको कविता अर्थात् साहित्यमा कुनै

पनि जातिको जातीय शब्द, बिम्ब वा मिथकहरू प्रयोग गरिनुले यो भाषाको साहित्यलाई नै अझ फराकिलो बनाउँछ (मुकारुङ, २०६६, पृ. भूमिका) । नेपाली साहित्यमा जातीय पहिचान भन्नाले आदिवासी जनजाति, मधेसी, दलित आदिको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनालाई बुझिन्छ ।

**लैङ्गिक पहिचान**

महिला र पुरुषका बिच लिङ्ग (सेक्स) का आधारमा गरिने चिनारी प्राकृतिक/जैविक पहिचान हो भने सामाजिक परम्परा, रीतिरिवाज, संस्कृति आदिको सम्बन्ध र भूमिकाका आधारमा निर्मित चिनारी लैङ्गिक (जेन्डर) पहिचान हो । सामाजिक र सांस्कृतिक दृष्टिकोणले महिला र पुरुषको पारिवारिक सम्बन्ध र भूमिका भिन्न रहेको हुन्छ । सामाजिक, आर्थिक, सांस्कृतिक सम्बन्ध र समाजले निर्धारण गरेका भूमिका र नीति–नियमहरू लैङ्गिक पहिचानका चिह्नकहरू हुन् । प्राकृतिक लिङ्ग व्यवस्थाका आधारमा महिला र पुरुष भिन्न छन् भने सामाजिक, सांस्कृतिक सम्बन्धका आधारमा लैङ्गिक सम्बन्धले पनि यिनको भूमिकालाई भिन्न बनाएको हुन्छ (भट्टराई, २०७७, पृ. ४) । समाजमा पुरुषका तुलनामा महिलालाई समान अधिकारबाट वञ्चित गर्ने प्रमुख कारक पितृसत्ता हो । पितृसत्तात्मक संस्कृतिले महिलालाई आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अनेक कुराहरूबाट अपहेलित गरी दोस्रो दर्जाको बनाएको छ । नेपाली समाजमा छोरालाई वंश र अंशको हक दाबेदार बनाई कुलपितृ तार्ने सन्तानका रूपमा महत्त्व दिएको पाइन्छ भने छोरीलाई अर्काको घरको नासोका रूपमा हेरिएको छ । यसरी पुरुषका दाँजोमा महिला सीमान्त वर्गमा पारिएका छन् । त्यसैले सन् १९६० पछि अन्तर्राष्ट्रिय नारी आन्दोलनकै अङ्ग भएर नारीवादी आलोचना विकसित भयो (सोवाल्टर, सन् १९८९, पृ. ३–७) । नारीवादी आलोचनाकै प्रभाव, प्रेरणाबाट लैङ्गिक अध्ययन सुरु भयो । लैङ्गिक अध्ययनमा महिला, पुरुष, तेस्रो लिङ्गी सबैको कुरा समावेश हुने भए तापनि लैङ्गिक पहिचानको कुरा गर्दा सीमान्तमा पारिएका नारीहरूको स्थिति, अवस्था आदिको अवलोकन गर्दै पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना हेरिन्छ ।

## विमर्श र विश्लेषण

पहिचान मुख्य गरी जातीय, वर्गीय, क्षेत्रीय र लैङ्गिक हुन्छन् । यसमा प्रगति राईको *बादी विज्ञप्ति* सङ्ग्रहभित्रका कवितामा प्राप्त जातीय र लैङ्गिक पहिचानको विश्लेषण गरिएको छ ।

**प्रगति राईका कवितामा पहिचानको स्वर**

प्रगति राईका कविताहरू उनको *बादी विज्ञप्ति* कवितासङ्ग्रहमा सङ्कलित छन् । यस सङ्ग्रहमा जम्मा उन्नाइस कविताहरू सङ्कलित छन् । उनका कवितामा पहिचानका विविध स्वरहरू पाइए पनि जातीय र लैङ्गिक पहिचानका स्वरहरू बढी मुखरित भएको पाइन्छ । उनका कवितामा मुख्य गरी आदिवासी

जनजातिहरूका अनुभूति, सांस्कृतिक बिम्ब आदिलाई मुखरित गरिएको पाइन्छ । आदिवासी जनजातिहरूको पहिचान झल्किने एक उदाहरण उनको 'आदिवासी फूलहरू' शीर्षक कवितामा यसप्रकार प्रकट गरिएको छ :

आयातित बर्सादीले छोपिँदै आएको हाम्रो भाषा
प्लास्टिक बालेर डढाइँदै आएको हाम्रो लिपि
उत्खनन गर्नु छ हामीले
निधारमा खरानीको टिका लगाएर भन्छौँ
ढुङ्गे अक्षरको सर्त कसम !
एकैचोटि उडाउनु छ बर्सादी र प्लास्टिकको आगो
हामीले त विचारको आँधीबेहरी बन्ने निर्णय ग-यौँ।
उसो दुबो फाँटतिर हेर
त्यहाँ–
आदिवासी फूलहरूले देशसँग सोधिरहेका हुनेछन्–
देश !
के तिमी हामीलाई रोक्न सक्छौ ?

(राई, २०६६, पृ. ७)

प्रस्तुत कवितांशमा आदिवासी जनजातिहरूको भाषा, लिपि, सभ्यता, संस्कृति सबै हराउँदै गएका हुनाले त्यसको उत्खननका लागि दृढसङ्कल्प गर्दै विभेदकारी देश वा राज्यशक्तिसँग प्रश्न गरिएको छ । यसमा आफ्नो जातिको पहिचान स्थापित गर्ने जुन दृढसङ्कल्प गरिएको छ, त्यसबाट आदिवासी जनजातिहरूको विद्रोही (प्रतिरोध) आवाजलाई अब कसैले पनि रोक्न नसक्ने भाव प्रकट गरिएको छ ।

किराँत राई जातिमाथि राज्यसत्ताले धार्मिक, सांस्कृतिक, राजनीतिक, भाषिक विभेद गर्दै आएको छ । उनीहरूको भाषा, लिपि, धर्म, संस्कृति आदि लोप हुने अवस्थामा छन् । त्यसैले राईहरूले आफ्नो जातीय पहिचानको लडाइँ आफ्ना लेख, पुस्तक, साहित्य आदिका माध्यमबाट व्यक्त गर्दै आएका छन् । प्रगति राईको सायारेम्मा कवितामा किराँत राई जातिको पहिचान र प्रतिनिधित्वको आवाज सशक्त रूपमा उठाइएको पाइन्छ, जस्तै–

इ... लेऊ तिम्रो टोपी
इ... लेऊ तिम्रो मुन्दुम

इ... लेऊ तिम्रो माटो !

आऊ विचारहरूको सायारेम्मा गरौँ !

(राई, २०६६, पृ. १२)

माटो देशको प्रतीक हो भने मुन्दुम किराँत राईहरूको सामाजिक शास्त्र वा धर्मग्रन्थ हो । टोपी नेपालीहरूको परम्परागत शिरको ताज हो । आजको नेपाली परिवेशमा परम्परागत संस्कृति र पोसाकहरू हराउँदै गएका छन् । यसमा माटो (मातृभूमि), सामाजिक, सांस्कृतिक नियम र पहिचान खुल्ने पोसाक नबिर्सनका लागि आग्रह गर्दै विचारहरूको सायारेम्मा गरौँ भनिएको छ । सायारेम्मा भनेको शिर उठाउने प्रचलन हो । यसले मानिसको आत्मसम्मान जोगाउँछ । किराँत राई समुदायमा कुनै सदस्यले गल्ती गरेमा अथवा कसैको मान हानी भएको महसुस गरिएमा एकअर्काबिच मनमुटाव नआओस् भनेर शिर उठाउने चलन छ । यो चलन विशेष गरी पूर्वी नेपालको राई र लिम्बू समुदायमा प्रचलनमा छ । लिम्बू समुदायमा यसलाई माङ्गेना भनिन्छ भने राई बान्तवा भाषामा सायाचोक्मा भनिन्छ । यस प्रचलनका कारण आफ्नो समुदायका सदस्यहरूबिच कुनै आर्थिक लेनदेन, कुटुम्बेरीहरूका बिच मनमुटाव हुँदा सरकारी अड्डा अदालत गएर झैझगडा गर्नुभन्दा गाउँका भद्रभलादमी राखी कुखुरा, रक्सी आदि कोसेली राखेर ढोगभेट गरी शिर उठाउने गरिन्छ । यसले सामाजिक सदभाव बढाउन ठुलो मदत पु-याउँछ । त्यसैले यसमा सायारेम्मालाई ठुलो महत्त्व दिई राई संस्कृतिलाई उजागर गरेको देखिन्छ । किराँत राई जातिको पहिचान झल्कने यस्तै उदाहरण आधा कथा कवितामा यसप्रकार प्रकट भएको छ :

उहिल्यै,

घाम झुल्केको पहिलो दिन

ढोलझ्याम्टा बजाउँदै

रिसिया गाउँदै

तायामा–खियामाले नारावा नाचे

हेत्छाकुप्पाले शिरमाथि सूर्य चढाए

यो भव्य समारोह

सुम्निमा–पारुहाङले हेरिरहेका थिए।

(राई, २०६६, पृ. ३)

प्रस्तुत कवितांशमा किराँत राईहरूको परम्परित बाजा ढोल र झ्याम्टा, राई जातिमा प्रचलित लययुक्त गीत रिसिया, मुन्दुममा वर्णित राई जातिका आदिम पुर्खा तायामा (दिदी) र खियामा (बहिनी), तायामा र खियामाका भाइ हेत्छाकुप्पा (आदि पुर्खा), किराँत राई जातिका सृष्टिकर्ता सुम्निमा र पारुहाङ जस्ता शब्दहरूको प्रयोगले राई जातिको इतिहास र पहिचान खुलेको छ। त्यसैगरी अर्को एक उदाहरण हेरौँ :

एक दिन अनायास
आकाशमा कालो बादल लाग्यो
बादलले घामलाई निरङ्कुश भएर छोप्यो
तायामा खियामा फूल भए
हेत्छाकुप्पाको शिरबाट सूर्य खस्यो
र ढुङ्गा भयो
सुम्निमा–पारुहाङको आँखाबाट आँसु बग्यो
र हिमनदी भयो।

(राई, २०६६, पृ. ३)

प्रस्तुत कवितांशमा आकाशमा कालो बादल लाग्नु, बादलले घामलाई छोप्नु, तायामा र खियामा फूल हुनु, हेत्छाकुप्पाको शिरबाट सूर्य खस्नु र ढुङ्गा हुनु, सुम्निमा र पारुहाङको आँखाबाट आँसु बग्नु जस्ता घटनाहरूको वर्णनले किराँत राईहरूको स्वतन्त्र राज्य हरण भएको कुरालाई प्रतीकात्मक र मिथकीय ढङ्गमा व्यक्त गरिएको छ। यसले किराँत इतिहासको पुनरुत्थान गरी राई जातिको पहिचानलाई अगाडि ल्याएको छ।

**प्रगति राईका कवितामा लैङ्गिक पहिचानको स्वर**

लैङ्गिक आधारमा नारीमाथि हुने विभेदका कारण नारी अस्तित्व र पहिचानका स्वरहरू उत्पन्न हुन्छन्। अर्थात् जहाँ नारीहरूमाथि अन्याय, अत्याचार, शोषण, विभेद, वञ्चितीकरण गरिन्छ त्यहाँ नारीहरूको अस्तित्वका पक्षमा आवाज उठाइन्छ। नारीहरूमाथि हुने शोषण र विभेदको प्रतिकारमा उठ्ने आवाजहरू नै नारी अस्तित्व र पहिचानका स्वरहरू हुन्। प्रगति राईका कवितामा नारी पहिचानको स्वर सशक्त ढङ्गमा उठेको पाइन्छ। नेपाली समाजमा नारीको अवस्था केलाएर लेखिएको कविताको एक अंश हेरौँ :

जुन दिनदेखि यो राज्यले
मुन्दुम जलाएर अर्कै ग्रन्थहरूलाई हुर्कायो
त्यही दिनदेखि
कम्मरमा भिरेको खुर्पा जङ्गलमा फालिराखेर

मन्दिरअघि लाम लागेका सुम्निमाहरू
वधूशिक्षाका नङ्ग्राहरूले चिथोरिए
लोग्नेको खुट्टा पखालेको पानीले नुहाउन बाध्य पारिए
अथवा, शास्त्रहरूबाटै बलात्कृत भए
त्यही दिनदेखि
छोरी जन्मँदा आमाहरू रुन थाले
म जन्मँदा पनि तिमी रोएकी थियौ रे
होइन र ?

(राई, २०६६, पृ. १५)

प्रस्तुत कवितांशमा राज्यद्वारा संरक्षित ग्रन्थ, शास्त्र र आख्यानहरूमा जहिल्यै महिलाहरूलाई तल पारिएको यथार्थ प्रस्तुत गरिएको छ । यसमा राज्यले जुन दिनदेखि मुन्दुम जस्तो नारीलाई सम्मान गर्ने धर्मशास्त्र जलाएर शोषण गर्ने ग्रन्थ वा भाष्यहरू हुर्कायो त्यसै दिनदेखि नेपाली नारीहरू वधूशिक्षारूपी नङ्ग्राले चिथोरिए भन्ने कुरा व्यक्त गरिएको छ । यसले पितृसत्ताले थोपरेको कुसंस्कारका कारण नारीहरू लोग्नेको खुट्टा पखालेको पानी खान बाध्य पारिएका छन् भन्ने कुरा व्यक्त गरी छोरी जन्मँदा गर्व गर्नुपर्नेमा आमाहरू नै रुन थालेको यथार्थ स्थिति प्रस्तुत गरिएको छ । यसरी यसमा आजको उत्तरआधुनिक समयमा समेत नेपाली नारीको पहिचान सम्मानजनक नभएर अपहेलित भएको यथार्थ प्रस्तुत गरिएको छ । त्यसैले छोरीलाई अपहेलना गर्ने परम्परा अब आफूले नमान्ने भाव आमासँग कवितामा यसप्रकार प्रकट गरिएको छ :

त्यो मुन्दुमको कथा फेरि भन आमा !
कि यो राज्यद्वारा संरक्षित
यी ग्रन्थहरूमा, शास्त्रहरूमा  या आख्यानहरूमा
जो म आँखाको तारो भएकी छु
अब मान्दिन ।

(राई, २०६६, पृ. १६)

हाम्रो समाज छोरी जन्माउँदा अझै पनि नाक खुम्च्याउँछ । छोरीलाई जन्मजात अर्काको नासो वा वस्तु जस्तो ठानेर पहिचान गराइन्छ । छोरी भएर जन्मेपछि अर्काको घर जाने जात भनेर समाजले बुझेको छ र त्यसरी नै पढाउन थालिन्छ । त्यसैले यसमा राज्यद्वारा संरक्षित शास्त्रहरू र आख्यानहरूमा व्यक्त विभेदकारी विचार

नमान्ने कुरा व्यक्त गरिएको छ । त्यसैले यसमा छोरालाई प्राथमिकता दिने पुरातन सोचका प्रतिरोधमा छोरी जन्माउँछु भनेर गर्व गरिएको पाइन्छ, जस्तै–

प्रत्येक देशले
प्रत्येक मिनेटमा एउटा नयाँ नागरिक जन्माउँछ
म छोरी जन्माउँछु ।

(राई, २०६६, पृ. ३८)

छोरो जन्माउँदा गर्व गर्ने समाजको पुरातन सोचका विपरीत यसमा छोरी जन्माउँदा गर्व गरिएको छ । छोरी जन्माउँदा गर्व गर्नु प्रतिरोध चेतना हो । छोरी जन्माउँदा गर्व गर्नुको खास कारण कवितामा यस प्रकार बताइएको छ :

यस अर्थमा पनि कि–
मेरी आमाको सपनाभन्दा बेगल
मैले भोगेको जिन्दगीभन्दा पनि अझ फरक
सह–अस्तित्वको युद्ध
सह–वंशाधिकारको कानुन
सह–सङ्घर्षको नीतिमाथि गर्नु छ– हस्ताक्षर ।

(राई, २०६६, पृ. ३८)

यसमा अब जन्मने छोरीले हजुरआमा पुस्ताको सपनाभन्दा भिन्न र आफ्नी आमाले भोगेको जिन्दगीभन्दा फरक नारी र पुरुष समान हुन् भन्ने सहअस्तित्वको भावना विकसित गर्न एउटा नयाँ युद्ध लड्नु छ । वंशाधिकार छोरालाई मात्र नभएर छोरीलाई पनि हुनुपर्छ भन्ने कानुन बनाउनु छ । समान कानुनको निर्माणका लागि एउटी साहसी छोरी चाहिएको छ जसले आफ्नो अधिकारको स्थापनाका लागि सङ्घर्षको मैदानमा युद्ध लड्न सकोस् । युद्ध आफ्नै दाजुभाइ र बाबुहरूले खोसेको अधिकारका लागि लडिने छ । यसपछि पुरातन सोचमा एक्कासी भुइँचालो जाने छ । यसपछि विगत र वर्तमानको पुरातन सोच परिवर्तन गरेर नयाँ नीतिमाथि हस्ताक्षर गरिने कुरा व्यक्त गरिएको पाइन्छ । नारीहरूमाथि धर्मका नाममा झन् ठुलो अन्याय भएको छ । धर्मका नाममा नारीहरूमाथि हुने शोषण उनको ‘रुख’ कवितामा व्यक्त भएको पाइन्छ । यस्तो शोषण जिजुआमा, हजुरआमा र आमा–फुपूहरूको पुस्ताले भोग्यो । दिदीहरूको पुस्तामा आइपुग्दा धर्म नामको रुख, ढुङ्गा आदि ईश्वर होइन रहेछ भन्ने रहस्य खुल्यो । यस कुरालाई रुख कवितामा यसरी व्यक्त गरिएको छ :

जिजुआमाहरूले जस्तै
हजुरआमाहरूले पनि यो रुखलाई ईश्वर माने
र चढाए आफ्नै अस्तित्वको बली
आमा-फुपूहरूले आफूलाई बली चढाएनन्
उनीहरूले आफ्नो नाम सम्मको भेटी चढाएर पूजा गरे ।
ईश्वरप्रति अनास्था जाग्दै गएकोमा
ईश्वरभक्तहरूले खेद प्रकट गर्दै रहे
ईश्वर बिटुलिँदै जान थाल्यो
आइमाईहरूले ईश्वरलाई मान्न छाड्दै ल्याए ।
दिदीहरूसम्म आइपुग्दा
यो रुख आइमाईको ईश्वर होइन रहेछ भन्ने बुझे ।

(राई, २०६६, पृ. ३५)

जब चेतनाको आगो बल्छ तब पुरातन संस्कारहरू भत्किन्छन् । त्यसका विरुद्ध आवाज उठ्न थाल्छन् । पुरातन संस्कारका विरोधमा अभिव्यक्त उनको विचार रुख कवितामा यसरी व्यक्त भएको छ :

यो रुखले हजारौँ वर्षदेखि आइमाईहरूलाई शोषण गर्दै आयो
यसको विरुद्धमा आज
म यहाँ उभिएकी छु
मलाई ईश्वरविरोधीको सजाय सुनाइनुअगावै
मलाई धर्मविरोधीको मृत्युदण्ड दिनु केही मिनेटअगावै
यो रुखलाई
यो जडलाई
म जरा जरासम्म खनेर फाल्ने छु
र राखिजाने छु एउटा ढुङ्गा
जसले आफ्नी आमाको पदचाप पछ्याउँदै आउने छोरीहरूलाई
कठोर निर्णय गर्न सक्ने प्रेरणा देओस् ।

(राई, २०६६, पृ. ३७)

प्रगति राईको 'बादी विज्ञप्ति' कवितामा बादी महिलाहरूको पहिचान र प्रतिरोधको स्वर सशक्त रूपमा उठाइएको पाइन्छ । ऐतिहासिक दृष्टिकोणले बादी समुदायको खास पहिचान भनेको गायन, सङ्गीत, नृत्य र घोडचडी थियो तर कालान्तरमा त्यो पहिचान मेटियो र वर्तमानमा बादी समुदायलाई देह व्यापार गर्ने जातिका रूपमा परिचित गराइयो । बादी समुदायलाई नेपाली समाजले दलित वर्गमा राखेर राज्यका आवश्यक सुविधाहरूबाट वञ्चित गरेको छ । त्यसैले उनीहरू आफ्नो हकअधिकारका लागि विभिन्न समयमा आन्दोलन गर्दै आएका छन् । यसै क्रमा बादी महिलाहरूले २०६० साल चैत ३ गते कैलालीबाट 'बाध्यात्मक देह व्यापारका लागि कि त लाइसेन्स दे कि पुनस्र्थापना गर' भन्ने नाराका साथ आन्दोलन सुरु गरे । २०६१ सालमा यही नाराका साथ कैलालीको धनगढी र दाङको तुल्सीपुरमा -यालीको आयोजना गरियो । २०६४ साल साउन ३१ गते २३ जिल्लाका बादी समुदायको प्रतिनिधित्व हुने गरी ४५० भन्दा बढीको उपस्थितिमा काठमाडौँमा राष्ट्रिय सम्मलेन आयोजना गरियो । २०६४ साल भदौ ५ गते बादी समुदायका महिलाहरूले अर्धनग्न भई सिंहदरबारको दक्षिण ढोकाको गेटमा धर्ना दिए (नेपाली र नेपाली, २०७६, पृ. ४०–४२) । यसै आन्दोलनबाट प्रेरित भई प्रगति राईले 'बादी विज्ञप्ति' कविता लेखिन् । यसमा बादी महिलाहरूको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको आवाजलाई सशक्त ढङ्गमा उठाइएको पाइन्छ, जस्तै–

मान्छे हुनुको रगतले मैले पनि
पहिचान र इज्जत मागेँ
छानो र थर मागेँ
जसका लागि मसँग सुरक्षित चिज
साहेबलाई दिनुपर्ने रहेछ
साहेबले अमूल्य भन्थ्यो
मैले दिएँ चुनावी भोट
त्यही भोटको भऱ्याङ चढेर
साहेब त कता हो कता माथि पुग्यो !
यतिखेर साहेबलाई सोधिरहेछु–
साहेब !
तिमीले बनाएको अन्तरिम विधानमा

बादी हुनुको स्थान कहाँनेर छ ?

(राई, २०६६, पृ. ३२)

प्रस्तुत कवितामा चुनावका बेलामा घर घर आएर हात जोडी भोट माग्ने नेताहरू चुनाव जितेर सरकारमा गइसकेपछि बादी समुदाय जस्ता भुइँमान्छेहरूलाई बिर्सन्छन् भन्ने कुरा व्यक्त गरिएको छ । त्यसैगरी यो कविता लेखिएका बेला संविधानसभाको चुनाव हुन लागेको थियो । त्यसका लागि एउटा अन्तरिम संविधान बनेको थियो । त्यही संविधानमा बादी समुदायलाई कहाँ स्थान दिइएको छ भनेर प्रश्न गरिएको छ । यो प्रश्न प्रतिनिधित्वको प्रश्न हो । त्यसको जवाफ भने अनुत्तरित छ । त्यस्तै अर्को एक कवितांश हेरौँ :

आफैँले सिकाएको क्रान्तिको गीतले
आज बिझायो तिमीलाई ?
मेरो नामभरि आफैँले पोतेको
आफ्नै वीर्यको दाग गन्हायो तिमीलाई ?
अन्यायको पर्दा हालेर बस्ने तिम्रो आँखालाई
आफैँद्वारा लुटिएकी मेरो फरियाले घोच्यो तिमीलाई ?
मेरो नाम नाङ्गो छ
मेरो जात नाङ्गो छ
म जहाँ जहाँ उभिन्छु
त्यहाँ त्यहाँ धर्ती नाङ्गो मानिन्छ आज
एकदम जिउछाडा आइमाई बनाइएँ साहेब !
लोकतन्त्रको रेशमी साडी लगाएर
म आफ्नो लाज छोप्न सक्दिन
तिम्रो आश्वासनको प्याला हेरेर
उन्मुक्तिको बाटो अब फेरि पर्खन सक्दिन ।

(राई, २०६६, पृ. ३३–३४)

प्रस्तुत कवितांशमा क्रान्तिका नाममा जनताको पक्षमा जुन गीत गाउन सिकाइएको थियो आज त्यही गीत ती नेतालाई बिझाएको कुरा व्यक्त गरिएको छ । त्यसैगरी बादी महिलाहरूसँग यौनसम्पर्क राख्न जाने कथित साहेबहरू बादी महिलाहरूप्रति भएको अन्यायलाई नदेखेझैँ गरेर आँखामा पर्दा हालेर बसेको कुरा पनि यसमा

व्यक्त गरिएको छ । त्यसैले यसमा बादी महिलाहरूले सिंहदरबारको दक्षिण गेटमा अर्धनग्न भएर पुनर्वासका लागि माग गरेको र आफ्नो मागको सुनवाइ नभएपछि बाध्य भएर अर्धनग्न भई आन्दोलन गर्नुपरेको भाव यसमा व्यक्त छ । तिमीहरूको मुक्तिदाता हामी हौँ भन्ने क्रान्तिकारीहरूले बाटो बिराएपछि आफू स्वयं उपस्थित भई पहिचानका लागि विद्रोह गर्नु प्रतिनिधित्व र प्रतिरोध चेतना हो ।

**निष्कर्ष**

प्रगति राईका कविताहरू विविध विचार र प्रवृत्तिगत विविधताले समृद्ध छन् । उनका कवितामा नेपाली जीवनका विविध पक्षको चित्रण पाइन्छ । उनका कवितामा पहिचानका विविध पक्ष आए तापनि जातीय र लैङ्गिक पहिचानका आवाज बढी मुखरित भएको पाइन्छ । यसमा जातीय पहिचानअन्तर्गत आदिवासी जनजातिहरूको सभ्यता, संस्कृति, नारी जातिको पहिचान, बादी महिलाहरूको अस्तित्व र पहिचान सशक्त ढङ्गमा उठाइएको पाइन्छ । उनका कवितामा पहिचानका जुन स्वरहरू पाइएका छन् तिनले नेपालका आदिवासी जनजाति, महिला र बादी जातिका समस्या, उनीहरूमाथि हुने अन्याय, अत्याचार जस्ता कुराहरूलाई सशक्त ढङ्गमा अभिव्यक्त गरेको पाइन्छ । यस अध्ययनले परम्परित राज्य–सत्ताले गरेको एकल जातीय केन्द्रीकृत शासनका कारण नेपालका आदिवासी जनजाति, महिला, बादी समुदायहरू सत्ता, शक्ति र पहुँचबाट पछाडि परेको हुँदा अबको राजनीतिले सबै जात जाति र लिङ्गका मानिसलाई राजनीतिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रमा समान अवसर दिई एउटै मूलधारमा समेट्नुपर्छ भन्ने समावेशी विचार स्थापित गरेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, ज्ञानु (२०७८), *समकालीन नेपाली कवितामा पहिचानको स्वर*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा*, अक्षर क्रियसन्स नेपाल ।

नेपाली, गोपाल र नेपाली, केशव (२०७६), *बादी समुदायको पहिचान र अवस्था*, *सामुदायिक सशक्तीकरण तथा रूपान्तरण* (कमिट) नेपाल ।

बार्कर, क्रिस (सन् २०००), *कल्चरल स्टडिज : थेओरी एन्ड प्राक्टिस*, सेज पब्लिकेसन ।

भट्टराई, रमेश (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण*, भुँडी पुराण प्रकाशन ।

मुकारुङ, राजन (२०६६), '*कवितामा प्रयोग भएका किराँत शब्द*, *बिम्ब र मिथकहरूबारे*', *बादी विज्ञप्ति*, सृजनशील साहित्य समाज ।

राई, प्रगति (२०६६), *बादी विज्ञप्ति*, सृजनशील साहित्य समाज ।

सोवाल्टर, एलेन (सन् १९८९), '*इन्ट्रोडक्सन*, *द न्यु फेमिनिस्ट क्रिटिसिज्म*, सम्पा., भिरागो प्रेस ।